FSO Reg:- 6-438

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

प.सं. :- ०८२/८३

च.नं. :- ४३२

मिति :- वि.सं. २०८२/०६/१०

ने.स. :- ११४५ कौलाथ्व, ४ शुक्रवार

विषयः भौतिक पूर्वाधार पुनर्निर्माण कोष सम्बन्धमा ।

श्री परराष्ट्र मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।६।५ गतेको निर्णयले जेन-जी आन्दोलनको क्रममा क्षति भएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माण गर्न भौतिक पूर्वाधार पुनर्निर्माण समिति (गठन) आदेश, २०८२ जारी गरेको छ। उक्त आदेशमा व्यवस्था भएबमोजिम राष्ट्रिय बाणिज्य बैंक, सिंहदरवार, काठमाण्डौमा एक भौतिक पूर्वाधार पुनर्निर्माण कोष खाता खोली नेपाल सरकार, प्रदेश सरकार एवम् स्थानीय तह, निजी क्षेत्र, स्वदेशी तथा विदेशी नागरिक, गैर आवासीय नेपाली समुदाय, मित्रराष्ट्रहरु, विकास साझेदार तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट अमूल्य योगदान गरी राष्ट्र पुनर्निर्माणको महान अभियानमा सहभागी हुन नेपाल सरकार सबैमा हार्दिक अनुरोध गर्दछ भन्ने व्यहोराको सूचना यसै साथ संलग्न छ। संलग्न नेपाल सरकारको अनुरोध विदेश स्थित सबै नेपाली नियोग र नेपाली समुदाय मार्फत ईच्छुक सम्पूर्ण योगदानकर्ताले प्राप्त गर्ने गरी जानकारी गराउने व्यवस्थाका लागि यस मन्त्रालयको मिति २०८२/६/१० को (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dila Ram Giri
dilaram@mof.gov.np


(डिला राम गिरी)
उपसचिव (लेखा)

श्री सामान्य प्रशासन महाशाखा,
२०८२/६/१०

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६, फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५ (अ.आ.स.स.म.), ईमेलः admindivision@mof.gov.np, वेबसाइटः www.mof.gov.np

# नेपाल सरकारको अनुरोध

मिति २०८२ भाद्र २३ र २४ गते भएको जेन-जी आन्दोलनको क्रममा भौतिक संरचनामा आगजनी र तोडफोड भई ठूलो क्षति भएको छ। त्यस्ता भौतिक संरचनाको पुनर्निर्माण, आर्थिक पुनरूत्थान र राहत लगायतका कार्यको लागि **भौतिक पूर्वाधार पुनर्निर्माण कोष** स्थापना गरिएको छ। नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय तह, निजी क्षेत्र, स्वदेशी तथा विदेशी नागरिक, गैर आवासीय नेपाली समुदाय, मित्र राष्ट्रहरु, विकास साझेदार तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट अमूल्य योगदान गरी राष्ट्र पुनर्निर्माणको महान अभियानमा सहभागी हुन नेपाल सरकार सबैमा हार्दिक आहान गर्दछ। यस्तो आर्थिक सहायता रकम योगदानकर्ताको चालु आर्थिक वर्षको करयोग्य आय गणना गर्दा घटाउन/खर्च कट्टी गर्न पाइने छ।




**योगदान रकम जम्मा गर्ने बैंक खाताको विवरण**

**खाताको नाम :-** **भौतिक पूर्वाधार पुनर्निर्माण कोष**
**(PHYSICAL INFRASTRUCTURE RECONSTRUCTION FUND)**

**बैंकको नाम :-** **राष्ट्रिय बाणिज्य बैंक, सिहदरवार, काठमाडौ ।**

**खाता नं. :-** **1960100102070004**

**SWIFT CODE:-** **RBBANPKA**

योगदान रकम उल्लिखित बैंक खाता वा QR code मार्फत जम्मा गर्न सकिनेछ।